**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**Date: 13.09.2024** **BROADCAST: 18:40 hrs**

- **Mangan Road Open**

मंगन जिल्लाको नागामा बन्द रहेको सड़क मार्ग नागा खेल मैदानसम्म खोलिएको छ। अवगत गराइन्छ, यस वर्ष जूनदेखि नै टिस्टा नदीको किनारमा पहिरो गएपछि नागा र रेल गाउँको पूरा इलाका धस्केको थियो। गाउँ नै धस्किएपछि लगभग नब्बे प्रतिशत घरहरू कोल्टे पर्नका साथै क्षतिग्रस्त बनेका थिए, जसपछि गाउँवासी यो स्थान खालि गर्न बाध्य बने।

यसको कारण यी दुईवटा गाउँभएर मंगनदेखि चुङथाङ तर्फ जाने सड़क मार्ग पनि बीचमा क्षतिग्रस्त भएको थियो। अहिले नागा सार्वजनिक खेल मैदानसम्म साना सवारी साधनका लागि गाउँको प्रवेशमा सड़क मार्ग आंशिक रूपमा मर्मत गरिएको छ।

--------------------------------------X--------------------------------------

- **PCS Workshop**

पत्रकारहरूका निम्ति पत्रकारितामाथि अल्पकालिक पाठ्यक्रमबारे आयोजित तीन दिवसीय कार्यशाला आजदेखि शुरू भयो। ग्रामीण विकास विभाग मन्त्री श्री अरूण उप्रेतीले आज उदघाटन गर्नुभएको पाकिम जिल्लाको असम लिङजेस्थित सिक्किम सहकारिता संघ (सिकन) परिसरमा आयोजित कार्यशालामा सूचना एवं जनसम्पर्क विभागका सल्लाहकार श्री लाल बहादुर दाश पनि विशेष रूपमा उपस्थित रहनुभयो।

कार्यशालामा उपस्थित राज्यका अड्तीसजना पत्रकारहरूमध्ये अधिकांश डिजिटल मिडियाबाट रहेका छन्। यस अवसरमा सूचना एवं जनसम्पर्क विभागका निदेशक श्री उमेश सुनामको पनि उपस्थिति थियो।

मन्त्री श्री उप्रेतीले आफ्नो सम्बोधनमा भन्नुभयो, पत्रकारिताको डिग्रीको मूल्यमा कमीका कारण बिना डिग्रीका पत्रकारहरूको संख्या द्रुत गतिमा बढ़िरहेछ। उहाँले सिक्किम विधानसभा अध्यक्षका रूपमा आफ्नो कार्यकालअवधि आफू स्वयंको अनुभव उजागर गर्दै कपी पेस्ट पत्रकारिताको प्रचलनबारे प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो, एउटा गलत रिपोर्टिङले ठूलो समस्या उत्पन्न हुन्छ अनि पछि मानिसहरूले पत्रकारहरूको जिम्मेवारीमाथि प्रश्न उठाउँछ्।

उहाँले कार्यशालामा सहभागिता जनाउने सबै पत्रकारहरूलाई शुभकामना दिँदै यस क्षेत्रमा प्रतिष्ठित स्रोत वक्ताका साथ यो कार्यक्रम आयोजना गरिएकोमा प्रेस क्लब अफ सिक्किमको प्रशंसा गर्नुभयो।

आफ्नो सम्बोधनमा सल्लाहकार श्री दाशले पत्रकारद्वारा गरिनुपर्ने सन्तुलित रिपोर्टिङको महत्त्वमाथि प्रकाश पार्नुभयो।

मन्त्री लगायत सल्लाहकारद्वारा जनवरी 2023-मा सिक्किमको सूचना एवं जनसम्पर्क विभागसित मिलेर मिजोरममा IIMS आइजोलद्वारा आयोजित यस्तै प्रकारको कार्यशालामा सहभागि बनेका पत्रकारहरूलाई प्रमाण पत्र वितरण गरियो। तीन दिवसीय कार्यशालाको समापन पन्द्र सितम्बरका दिन हुनेछ।

---------------------------------------X---------------------------------------

- **Governor Rangpo Visit**

राज्यपाल श्री ओम प्रकाश माथुरले आज पाकिम जिल्लाको सिङतामस्थित बरदाङमा निर्माणाधीन प्रेरणा स्थलको भ्रमण गर्नुभयो। यो स्थल चार अक्टोबर 2023-मा टिस्टा नदीमा आएको जलप्रलयमा आफ्नो ज्यान गुमाउने बाहीसजना सेनाहरूको स्मृतिमा बनाइँदैछ। यो पहल राजभवनको तर्फबाट आफ्नो जीवनको बलिदान दिने सैनिकहरूको सम्मानमा गरिएको हो।

यहाँ आइपुग्नासाथ राज्यपाललाई सेनाका अधिकारीले चार अक्टोबरको घटनाको जानकारी दिनुभयो। यस अवसरमा उपस्थित सत्र माउन्टेन डिभिजनका मेजर जनरल अमित कपथियालले श्री माथुरलाई निर्माणाधीन प्रेरणा स्थलको अहिलेसम्मको प्रगति एवं भविष्यको योजनाबारे अवगत गराउनुभयो।

यसैक्रममा राज्यपालले रम्फूस्थित विन्टर क्याम्पको भ्रमण गर्नुभयो। यसका साथै राज्यपाल श्री माथुरले बेङ फेङयोङ GPU-अन्तर्गत राष्ट्रिय राजमार्ग दशमा स्थित 'अटल अमृत उद्यान'-को पनि भ्रमण गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Awareness Program**

वन सम्बन्धी प्रक्रियाहरूमा सार्वजनिक पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ वन एवं पर्यावरण विभागअन्तर्गत पाकिम क्षेत्रीय प्रभाग (Territorial Division)-ले अनलाइन मार्किङ आदेश प्रणालीमाथि सचेतना कार्यक्रम तथा प्रशिक्षण आयोजन गऱ्यो। यो कार्यक्रम आज पाकिमको RDD सामुदायिक परिसरमा सम्पन्न भयो।

सबै उपकरणमा सुलभ रहने यस पोर्टलको उद्देश्य मार्किङ आदेशसम्म पहुँचलाई सुव्यवस्थित गर्नु अनि वन सेवाको दक्षतामा सुधार गर्नु हो।

यस अवसरमा पाकिमकी जिल्ला अध्यक्ष श्रीमती लाडेन लह्मु भोटिया मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।

DFO (Territorial) श्री SP भोटियाले बढ्दो डिजिटल युगमा हालै शुरु भएको अनलाइन मार्किङ अर्डर प्रणालीको सान्दर्भिकतामाथि जोड दिनुभयो। उहाँले भन्नुभयो, यो प्रणाली मानिसहरूको सुविधाका लागि शुरू गरिएको हो, जसअन्तर्गत आवेदकहरूले प्राथमिकताअनुसार अनलाइन अथवा अफलाई आवेदन बुझाउन सक्नेछ। उहाँले मार्किङ आदेशको आवेदन एक अक्टोबरदेखि एकतीस अप्रेलसम्म स्वीकार गरिने जानकारी दिनुभयो।

---------------------------------------X---------------------------------------

- **Sanskrit Shivir**

गेजिङ बर्मेक निर्वाचन क्षेत्रको रातोमाटेस्थित संस्कृत पाठशालामा आयोजित दश दिवसीय संस्कृत शिविरको आज समापन भयो। अभिनन्दन कार्यक्रम र सांस्कृतिक प्रस्तुतिका साथ सम्पन्न समारोहमा बोल्दै कार्यक्रमका मुख्य अतिथि मन्त्री श्री सोनाम लामाले विशेषगरी धार्मिक ग्रन्थहरूसित परिचित हुन र अन्य उपयोगका निम्ति संस्कृत भाषाको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको नेतृत्वमा रहेको वर्तमान सरकारले राज्यमा प्रचलित सबै भाषाहरूको संरक्षण र सवर्द्धन गर्नमा दिएको भूमिकाको सराहना गर्नुभयो।

क्षेत्र विधायक श्री लोकनाथ शर्माले यस स्थानमा संस्कृत पाठशालाको विकासमा पुऱ्याएको सहयोगको निम्ति मुख्यमन्त्रीप्रति कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले अन्य भाषाको सामान्य विकासमा रहेको संस्कृत भाषाको महत्त्वपूर्ण भूमिकामाथि पनि प्रकाश पार्नुभयो। यसअघि मन्त्री श्री लामा र विधायक श्री शर्माले संस्कृत पाठशाला परिसरमा पूर्वाधार विकासको आधारशीला राख्नुभयो।

---------------------------------------X---------------------------------------